**एनआरएन अधिवेसन**

**सबै जना सकरात्मक भए जुनै समस्याको पनि समाधन निस्कन्छ।**
डा. हेम राज शर्मा

गैरआवासीय नेपाली संघ, एनआरएनए, को चौथो विश्व सम्मेलन अक्टोवरमामा काठमाडौ हुदैछ। सम्मेलन आउन अझै ६-७ महिना बाँकि रहे पनि संघका गतिविधीहरु दिन प्रतिदिन बढ्दै छन। एनआरए सम्मेलनमा केन्द्रित रहेर हाम्रा सम्पादाताले डा. हेम राज शर्मासँग कुराकानी गरेका छन। डा. शर्मा एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य तथा एनआरएन अभियानमा गहिरो चासो राख्ने बुद्दिजिवी मध्य एक हुन। एनआरएनको हालको विधान निर्माणमा प्रमुख भूमिका खेलेका डा. शर्मालाई महाधिवेशन तयारी समितिको सहसंयोजकको महत्वपूर्ण भूमिका दिईएकोछ। प्रस्तुत छ उहाँ सँग भएको कुराकानीको अंश।

**� एनआरएनको विश्व सम्मेलन आउन ६-७ महिना पहिले देखी नै एनआरएनमा चहल पहल निकै देखिएको छ नि?**
पहिलेका विश्व सम्मेलन भन्दा अहिले चहल पहल अलि पहिले देखी शुरु भएको मैले पनि महसुस गरेको छु। यसको पछाडि दुई कारण छन। पहिलो, विधानको नयाँ व्यवस्था अनुसार सम्पूर्ण राष्ट्रिय समन्वय समिति (एनसिसि)ले अप्रिल देखि सेप्टेम्वर सम्म अनिवार्य रुपमा अधिवेसन सम्पन्न गर्नु पर्दछ। धैरै एनसिसिहरु अधिवेसनको तयारीमा लागेकाले सकृयाता बढेकोछ। दोश्रो, वर्तमान अध्यक्ष डा उपेन्द्र महतो पछि नेतृत्व लिन चाहनेहरुको उम्मेदवारीको घोषणा गरि सक्नु भएकोले पनि मावल अहिले देखि तातेको देखिन्छ।

**� सम्मेलन तयारी कसरी हुदैछ?**
सम्मेलन अक्टोवर १३-१५ काठमाडौमा सम्पन्न हुदैछ। यस पहिलेका सबै सम्मेलन दशै भन्दा पहिले हुने गरेका थिए। यस पाली दशै पछाडी तिहारको अगाडि हुने भएकोछ। सम्मेलन तयारिका लागि डा महतोको संयोजकत्वमा एक मुल समिति र अन्य पाँच उपसमितिहरु गठन भएका छन। महाधिवेसन तयारी उपसमिति, प्रकाशन उपसमिति, आर्थिक उपसमिति, विधान संशोधन समिति, स्कुल स्तरिय निवेदन प्रतियोगिता आयोजक समितिले आ-आफ्नो काम शुरु गरेका छन। काठमाडौ स्थित सचिवालयले नेपाल सरकार, FNCCI लगायतका सँस्थाहरुसँग समन्वय गर्दै आएको छ। एनसिसिहरुको अधिवेसनको लागि महाधिवेसन तयारी उपसमितिले terms of reference र अधिवेसन नियमावली सहित परिपत्र गरि सकेकोछ।

**� एनसिसिले अधिवेसन अहिले नै सम्पन्न गर्नु पर्ने कारण?**
तेश्रो विश्व सम्मेलनमा एनआरएनको विधान व्यापकरुपमा परिवर्तन भएको छ। तेश्रो विश्व सम्मेलन भन्दा पहिले विभिन्न ठाँउ भएका क्षेत्रीय बैठकहरु (लण्डन, सिङगापुर, मध्यपूर्व) बाट प्राप्त सुझावहरुको आधारमा यस्तो परिवर्तन गरिएको थियो, खास गरी लण्डन बैठकमा प्रस्ताविक संशोधन उल्लेखनिय थियो। आईसिसि र एनसिसि बिच समुचित समन्वय राख्न, निती निर्माण, नेतृत्व चयनमा एनसिसिलाई

प्रत्यक्ष सहभागी गराउनका लागी विधान परिवर्तनको गरिएको थियो। जस अनुसार हरेक एनसिसिले विश्व सम्मेलन भन्दा बढिमा छ महिना पहिले अधिवेशन सम्पन्न गरी आईसिसि सदस्यको निर्वाचन गर्नेछ। पहिले आईसिसि सदस्य छान्न एनसिसिको कुनै भूमिका हुदैनथ्यो। एनसिसिले काठमाडौमा सम्पन्न हुने अन्तर्राष्ट्रिय महाधिवेसनका लागि प्रतिनिधिको छनोट गर्नेछन। यसरी छानिएका प्रतिनिधिले नै आईसिसि पदाधिकारीहरु निर्वाचित गर्ने छन। त्यसैले काठमाडौमा अक्टोवरमा हुने अन्तर्राष्ट्रिय अधिवेसनको तयारीका लागी राष्ट्रिय अधिवेसनहरु अहिले देखि नै सम्पन्न हुदैछन।

**� भने पछि अगिल्ला सम्मेलनमा जस्तो काठमाडौमा जो जो पुग्छन सबैले मतदान गर्न पाउदैनन र काठमाडौमा पुग्ने मात्र आईसिसि सदस्य हुन पाउदैनन्?**

हो। मतदानमा भाग लिन तिनवटा मापदण्ड पुरा गर्नु पर्छ। पहिलो, सम्वन्धित देशको एनसिसिबाट पञ्जीकृत सदस्यता लिनु पर्दछ (एनसिसिले निर्धारण गरेको शुल्क तिरेर)। दोश्रो एनसिसि मार्फत प्रतिनिधिमा छनोट हुनु पर्दछ। तेश्रो विश्व सम्मेलन तयारि समितिले निर्धारण गरेको एक सय डलर बराबर प्रवेश शुल्क तिर्नु पर्दछ। यी सबै मापदण्ड पुरा गरेकालाई निर्वाचन समितिले मतदाता नामावली समावेश गरे पछि मात्र विधिवतरुपमा मतदान गर्ने अधिकार रहन्छ। आईसिसिको सदस्यको हकमा एनसिसिले निर्वाचित गरेको सदस्यलाई अन्तर्राष्ट्रिय अधिवेसनले endorse (अनुमोदन) गर्नु पर्ने भएकोले निर्वाचित सदस्य अनिवार्यरुपमा काठमाडौमा जानु पर्ने हुन्छ।

**� प्रतिनिधी पठाउने अधिकार एनसिसिलाई दिदा उचित प्रतिनिधिहरु जालान?**

१० जना पञ्जीकृत सदस्यहरु (register member) बराबर एक प्रतिनिधी छानिन पाउने ब्यबस्था भएकोले काठमाडौमा जाने प्राय सबै जना प्रतिनिधी भएर जान सक्ने संभावना रहन्छ। जस्तो भनौ एनसिसिका एक हजार पञ्जीकृत सदस्यहरु छन र आईसिसिले निर्धारण गरेको १ सदस्य बराबर तीन अमेरिकी डलर सदस्यता शुल्क बुझाएको छ भने त्यस एनसिसिले १०० जना बराबर प्रतिनिधी पठाउन पाउछ। प्रतिनिधी छनोट बढि भन्दा बढी पारदर्शी गर्न नियमावलीको व्यवस्था भएकोछ। सार्वजनिक सूचना मार्फत काठमाडौ जान अनुकुल हुने सबै पञ्जीकृत सदस्यहरुलाई एनसिसिले खुला रुपमा आमन्त्रण गर्नेछ, एनसिसिले कुनै पुर्वाग्रहले कुनै सदस्यलाई प्रतिनिधि बन्न निषेध गरेमा निज सदस्यले आईसिसिमा उजुरी गर्न सक्नेछ। यस्ता प्रकारका विवादको अन्तिम निर्णय लिन एक समितिको गठन हुने व्यवस्था गरिएकोछ। उक्त समितिमा आईसिसि अध्यक्ष, महाधिवेसन तयारी उपसमिती संयोजक, उपसंयोजक, सम्वन्धीत देशको एनसिसि अध्यक्ष, र आईसिसि सल्लाहकार मध्य एक जना गरी पाँच सदस्य रहने व्यवस्था गरिएकोछ।

**� सबै प्रकृया निकै जटिल पो देखिन्छ। के सबै एनसिसिले विधान-नियम अनुसार अधिवेशन सम्पन्न गर्न, शुल्क बुझाउन सक्लान?**

अवश्य पनि ४५-४६ देशमा फैलिएको यत्रो सँस्थालाई व्यवस्थापन गर्न चुनौतीपूर्ण नै छ। अहिलेको जस्तो सँरचनाको आवश्यक थियो कि थिएन, यसलाई व्यवस्थापन गर्न र स्थायीत्व दिन हामीसँग resources प्रयाप्त छ कि छैन, एनआरआई (non-resident Indian) जस्तो चुस्त खालको संरचना नभएर यस्तो जटिल खालको सन्जालको आवश्यक किन थियो आदि छलफलका छुट्टै बिषयहरु हुन सक्छन। तर अहिले हामीले तेश्रो विश्व सम्मेलनमा पारित विधान भन्दा बाहिर जान सक्दैनौ। यसै विधानको

आधारमा एनआरएनए कानूनी रुपमा नेपालमा दर्ता हुदैछ। त्यसैले हामीले हालको विधान अनुसार चल्नु बाहेकको अर्को विकल्प देखिदैन। एनसिसि र आईसिसि सबैले मिलेर काम गर्ने हो भने अहिलेको विधान अनुसार अगाडी बढ्न असंभव नै छ भन्ने होईन। जुन कुरा हाल सम्म एनसिसिहरुले देखाएको प्रतिकृया देखाएकोछ। Australia, Austria, Canada, Cyprus, Finland, France, Hong Kong, Qatar, Russia, Saudi Arabia, South Africa, Ukraine आदि देशका एनसिसिले अधिवेसनको मिति निर्धारण गरी सकेका छन। बाकिँ एनसिसिले पनि अधिवेसन सम्पन्न गरी आईसिसि सदस्यको निर्वाचन गर्ने अपेक्षा गरिएकोछ। अहिलेको संरचनाले एनसिसिलाई नै बलियो बनाउने भएकोले एनसिसिहरुले कोअपरेसन नगर्ने भन्ने कुरै आउदैन। ४५ देशका हुने हरेक एनसिसि अधिवेसनमा डा महतो स्वयम उपस्थित हुने निर्णय गरि सक्नु भएकोले पनी सबैलाई उत्साहित बनाएकोछ।

**� एउटा कुरा अझै प्रष्ट भएन, विश्व सम्मेलन भन्दा पहिले हुने अधिवेसनले आईसिसि सदस्यको मात्र निर्वाचन गर्ने हो कि एनसिसिको निर्वाचन पनि गर्ने हो?**

विधानमा एनसिसि र आईसिसिको सदस्य दुबैको निर्वाचन एउटै अधिवेसनले गर्ने भन्ने व्यवस्था छ। विधानको यही व्यवस्था अनुसार कतिपय एनसिसिले आफ्नो कार्यकाल घटाउनु पर्ने वा कतिपयले कार्यकाल बढाउनु पर्ने हुन्छ। जस्तो कतारले निर्वाचन ५-६ सारेर गर्दैछ भने फ्रान्सले ३-४ महिना पहिले गर्दैछ। बेलायत, जापान लगायत एनसिसिको कार्यकाल अक्टोवर सम्म १७-१८ महिना हुन्छ भने क्यानाडा नाईजेरिया, बेल्जियम लगायतका एनसिसिको एक बर्ष वा त्यो भन्दा कम। त्यसैले चौथो विश्व सम्मेलन भन्दा पहिले सबै देशमा एनसिसिको निर्वाचन हुन संभव देखिएको छैन। यस्तो परिस्थितिमा आईसिसिले विश्व सम्मेलन भन्दा पहिले एनसिसिको निर्वाचन गर्न सबैलाई अनिवार्य गरेको छैन, खाली अनुरोध मात्र गरेको छ। तर अहिले निर्वाचन गर्न नसक्ने एनसिसिले २०११ साल निर्वाचन कार्यतालिका मिलाउनु पर्नेछ।

**� २०११ सम्म समय तालिका मिलाउने भनेको?**

जस्तो भनौ बेलायत वा जापानको अहिलेको एनसिसिले आफ्नो कार्यकाल ३-४ महिनाले छोट्याउने र यस कार्यसमिति पछि बन्ने एनसिसिको पनि ३-४ महिनाको कार्यकाल घटायो भने २०११ साल अक्टोवर भन्दा पहिले अर्को कार्यसमितिको निर्वाचन गर्न सकिन्छ। त्यस पछि हरेक दुई वर्षमा ग्लोवल सम्मेलन भन्दा पहिले आईसिसि सदस्य र एनसिसिको निर्वाचन सँगै गर्न सकिन्छ। भरखर सम्पन्न भएका एनसिसिको कार्यकाल ५-६ महिनाले बढाएर २०११ अक्टोवर भन्दा पहिले अर्को एनसिसिको निर्वाचन गर्न सकिन्छ।

**� एनसिसि र आईसिसि सदस्यको निर्वावन छुट्टा छुट्टै हुदा अधिकांश समय चुनावमा नै जाने भयो होईन र?**

हो। त्यसै भएर न कार्यकाल छोटाएर वा लम्बाएर भए पनि दुबै निर्वाचन सँगै गर्न हामीले अनुरोध गरेका छौं। हाम्रो सँस्था अहिले दर्ता नभएको परिस्थितिमा हामीले अधिवेसन ५-६ महिना यता उति पार्न जति सजिलो छ दर्ता भए यसो गर्न कानूनले अफ्ठेको पार्नेछ। बेलायत जस्ता देशमा त चुनाव दुई चोटी गर्न अति नै खर्च हुनेछ। सेप्टेम्वरमा आईसिसि सदस्य र जनवरी तिर एनसिसिको चुनाव गराउदा हजारौ पाउण्ड खर्च हुनेछ। गतसालको निर्वाचन समितिको संयोजक म आँफै थिए, १० हजार पाउण्ड निर्वाचन खर्च भयो। उम्मेदवारहरुको तर्फबाट हुने खर्च त छुट्टै छ। सदस्यहरुबाट प्राप्त हुने यती

धेरै रकम पटक पटक चुनावमा मात्र खर्च गर्न भन्दा नेपालको कुनै स्कुल वा अस्पतालमा दिन सदस्यहरु खुशी होलान जस्तो लाग्छ।

**� यसो भए बेलायत एनसिसिको निर्वाचन अक्टोवर पहिले हुन्छ त?**
मैले ब्यक्तिगत रुपमा दुबै चुनाव सेप्टेम्वर भन्दा पहिले नै गर्ने आग्रह गरेको छु। अहिलेको कार्यसमिति निर्वाचित हुदाँ यसको कार्यकाल १८ महिना हुनेछ भनेर हामीले जानाकारी दिएका थियौं। त्यसैले दुबै निर्वाचन सँगसँगै गर्न मैले कुनै अफ्ठेरो हुने देखेको छैन। बरु छुट्टाछुट्टै चुनाव गराउने कारण जस्टिफाई गर्न गाह्रो हुनेछ। कोही साथीहरुले के गुनासो गर्नु भएको छ भने अक्टोवर भन्दा पहिले एनसिसिको निर्वाचन गर्दा अहिलेको कार्यसमितिले विश्व सम्मेलनमा बहालवाला पदाधिकारीको हैसियतमा भाग लिन नपाउने भए। त्यो गुनासोसँग म सहमत छु। हामी सबै सकरात्मक हुने हो भने यसको पनि समाधान छ। जस्तो अक्टोवर भन्दा पहिले कार्यसमितिको निर्वाचन गराउने तर हस्तान्तरण विश्व सम्मेलन पछि मात्र गर्ने व्यवस्था गर्ने हो भने अहिलेको कार्यसमितिले विश्व सम्मेलनमा भग लिन पाउनेछ। यस्तो प्राक्टिस केही नेपाली सँघ सँस्थामा भएको उधाहरण छ। यो मेरो ब्यक्तिगत बिचार मात्र हो। आईसिसिले यसको निर्णय गर्ने जिम्मेवारी एनसिसिलाई दिएकोले एनससिसिका साथीहरु बसेर छलफल गरेर उपयुक्त निर्णय निकाल्नु हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

**� एनसिसिका निर्वाचनमा हरेक किसिमा अनियमितता भएका गुनासा सुन्न आउछन बेला बेलामा। तर आईसिसिले कुनै एक्सन लिएको देखिदैन नि?**
अधिवेसन सम्वन्धी नियम बनाउन नसक्दा त्यस्तो परिस्थिति कतै कतै आएको सत्य हो। तर अहिले एनसिसि अधिवेसन प्रकृया संवन्धी नियम लागु भईसकेकोले यस्ता गुनासा कम आउने आशा गर्न सकिन्छ। उक्त नियमावली आईसिसि होमपेज [www.nrn.org.np](http://www.nrn.org.np) मार्फत सार्वजनिक भई सकेकोछ। जस अनुसार कम्तिमा एक महिना पहिले अधिवेशनबारे सञ्चारमाध्यमबाट सार्वजनिक सूचना गर्ने, अधिवेशनको सुपरिवेक्षण गर्नको लागि आईसिसिले एक अधिवेशन प्रतिनिधि मनोनयन गर्ने, समुहगतरुपमा शुल्क तिरी निर्वाचनलाई प्रभाव पार्ने किसिमले सदस्य बनाउन नपाउने, प्यानल बनाएर चुनाव लड्न नपाईने, नियमावली पालना नगरी निर्वाचित भएका एनसिसिलाई आईसिसिले मान्यता नदिन सक्ने आदि व्यवस्था गरिएकोछ।

**� एनसिसि बेलायतलाई थप केही सुझाव छ कि?**
म एनसिसि बेलायतकै एक अङग भएकोले सुझाव मात्र होईन आँफूले गर्न सक्ने सहयोग गर्दै आएकोछु, यो मेरो जिम्मेवारी पनि हो। मेडिया मार्फत सुझाव दिनु पर्ने स्थिति छैन। तर प्रश्न आई हालेकोले केही भन्ने अनुमती चाहन्छु। अभियानको स्थापनाकाल देखि बेलायत एनआरएनको एक अभिन्न अङ्ग हुदै आएको छ। यसको लागि यहाँका अग्रजहरुको महत्वपूर्ण योगदान रहेको छ। बेलायतले गर्ने हरेक निर्णयहरु अरु एनसिसिका लागि नजिर बन्न सक्छन। त्यसैले जुनै कुराको निर्णय गर्दा यसको गरिमा र गाम्भिर्यतालाई बिचार गर्नु पर्छ। अभियानका धेरै अगुवाहरु बेलायतमा नै हुनु हुन्छ। वहाँहरुको अनुभवबाट पनि धेरै कुरा सिक्न सकिन्छ। बेलायत एनसिसिले गरेका धेरै कुराहरु प्रशंसनिय छन। अरु सँस्थाहरु सँगको सहकार्य, जनगणनामा देखाएको अग्रसरता, आपतकालिन कोषको स्थापना, दोहोरो नागरिकता- नेपालको संविधान निर्माण आदि बिषयमा भएका गोष्ठी, बाढि पिडित, डोल्मा सेर्पालाई आर्थिक सहयोग, खेलखुद विविध बिषयमा गरेका कार्यहरु अन्य एनसिसिका लागि अनुकणीय छन। अव

साथीहरु अधिवेसनको तयारीका लाग्ने सोच बनाउदै हुनुहुन्छ। अधिवेसनका लागि विधानको मस्यौदा तयार गर्ने, सदस्यता शुल्क निर्धारण गर्ने, आईसिसिले हरेक दुई वर्षमा सदस्यता नविकरण गर्नु पर्ने निर्णय गरेकोलाई पहिले बनेका सदस्यको नविकरण गर्ने, पहिलेको निर्वाचन प्रकृयालाई यथावत् राख्ने कि परिवर्तन गर्ने आदि बिषयमा निर्णय लिन अब ढिलाई गर्नु हुदैन। यी सबै कुराको निर्णय अप्रिलको अन्तिममा बस्ने कार्यसमितिको बैठकले गर्ने अपेक्षा गरेको छु। कार्यसमिति र साधारण सदस्यहरु बिचको सूचना प्रवाह बढाउन सक्यो भने अधिवेसन सम्पन्न गर्न सहयोगी हुने मात्र होईन सदस्यप्रति अलिक उत्तरदायी बहन गरेको महसुस हुने थियो। अन्यथा सदस्यहरुले आँफूलाई भोटको लागि संझिने गरेको गुनासो गर्नेछन्।

**� सदस्यता नविकरण र नयाँ निर्वाचन प्रकृयाको कुरा उठाउनु भयो, यस बारे थप स्पष्ट पारि दिनुस न?**

आईसिसिको २००८ मा बैककमा सम्पन्न बैठकले हरेक दुई वर्षमा सदस्यता नविकरण गर्नु पर्ने, नविकरण गरेका सदस्यको विवरण आईसिसिमा पठाउनु पर्ने, एक सदस्य बराबर तीन अमेरिकी डलर शुल्क (हरेक दुई वर्षको लागि) आईसिसिमा पठाउनु पर्ने आदि निर्णय गरेको छ। आईसिसि सदस्य र पदाधिकारीको निर्वाचनमा पञ्जीकृत सदस्यको सँख्याले प्रभाव पार्ने र सदस्यता शुल्कले सचिवालय चलाउन आर्थीकरुपमा सहयोग पुर्याउने भएकोले यस्तो निर्णय भएको हो। जस्तो एक हजार सदस्य बराबर एक आईसिसि निर्वाचन हुने ब्यवस्था छ र माथी भने झै १० जना सदस्य बराबर एक महाधिवेन प्रतिनिधि छानिन्छन। त्यसैले हरेक एनसिसिको सदस्यको विवरण आवधिक हुनु जरुरीछ। बेलायत एनसिसिलाई यो निर्णयले अफ्ठेरो किन पारेको छ भने बेलायतले हाल सम्म ५ पाउण्ड शुल्कमा आजीवन सदस्यता बनाउने गरेको छ, नयाँ परिस्थितिमा यो निर्णय परिवर्तन गर्नु जरुरीछ। पहिले बनी सकेकका आजीवन सदस्यलाई के गर्ने, नयाँ सदस्यता वितरण गर्दा कती शुल्क लिने आदि बिषयमा तुरुन्त निर्णय लिनु जरुरी छ। सदस्यता नविकरण गर्दा एनसिसिको निर्वाचन गर्न सजिलो र कम खर्चिलो हुनेछ किन भने नविकरण नगर्दा सदस्यता सँख्या बढ्दै जानेहुदा निर्वाचन व्यवस्था गर्न गाह्रो हुनेछ।

**� नयाँ निर्वाचन प्रकृयाको बारेमा?**

बेलायत एनसिसिले हाल सम्म हुलाक मार्फत मतदान गर्न सक्ने व्यवस्था गरेको छ, मेरो जानाकारीमा यस्तो व्यवस्था अरु एनसिसिमा छैन। बेलायतको यो मौलिकतालाई कायम राख्नु पर्दछ भन्ने एक थरीको भनाई छ भने गत निर्वाचनको अनुभवबाट अर्को थरीले के बिचार राखेका छन भने हुलाकबाट मतदान गर्दा खर्चीलो र प्राविधीक समस्या धेरै आउन सक्ने मात्र होईन अनियमितता पनि हुने संभावना रहन्छ। दुबै थरी भनाई अनपयुक्त छैनन। त्यसैले यस्तो संवेनसिल बिषयमा एनसिसिले कार्यसमिति भित्र, साधरण सदस्यहरु, यहाँका संघसँस्था, बुद्दिजिवी र एनआरएनमा बसेर पहिले काम गरि सकेकाहरुसँग व्यापक छलफल गरी पारदर्शी निर्णयमा पुग्नु पर्दछ। अन्यथा झिना मसिना प्राविधिक विषयलाई लिएर समस्या खडा गर्नेहरुका लागि मसला मिल्नेछ।

**� अन्त्यमा?**

एनआरएन अन्तर्राष्ट्रिय महाधिवेसन सम्वन्धी केहि कुरा राख्ने अवसर दिनु भएकोमा धन्यबाद। यस सम्वन्धी केही गुनासा सुझाव भए महाधिवेसन तयारी उपसमितिलाई nrnaga09@googlemail.com मा सम्पर्क रख्नु हुन अनुरोध गर्दछु। धन्यबाद।